श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

परराष्ट्र मन्त्रालयका सचिव श्री जगदीश शमशेर ज. ब. राणा श्री ५ महाराजाधिराज सरकारका सवारीसाथ क्यूबाको राजधानी हवानातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री विश्व प्रधानलाई मिति २०३६।५।३१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–

कृष्णबहादुर मानन्धर

श्री ५ को सरकारको मुख्य सचिव

---

## भूलसुधार

नेपाल राजपत्र भाग ४ खण्ड २९ मिति २०३६।६।२६ अतिरिक्ताङ्क ४० मा प्रकाशित राष्ट्रिय चुनाव आयोगको सूचनामा निम्नानुसार सच्याइएको छ :–

| पृष्ठ | हरफ | भएको | हुनुपर्ने |
|---|---|---|---|
| ४ | ७ | फेरी | फोरी |
| ६ | १५ | उस उसै | उसै उसै |

श्री ५ को सरकारको छापाखाना

## भूलसुधार

यस मन्त्रालयको २०३५ साल साउन ३० खण्ड २८ संख्या १८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनामा निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ को दफा ३ हुनुपर्नेमा दफा २ हुनगएकोले भूलसुधार गरिएको छ ।

३५८

उद्योग तथा वाणिज्य मन्त्रालय

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।